सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण नगरौं।
- सार्वजनिक सम्पत्ति स्याहार सम्भार गरी साझा हितमा प्रयोग गरौं।
- सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु सबैको कर्तव्य हो।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण र हानिनोक्सानी कानुनीरूपमा दण्डनीय हुन्छ।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण वा हानिनोक्सानी हुँदा सम्बन्धित निकायमा जानकारी गराउनु नागरिकको कर्तव्य हो।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

epratekdaily.com

निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस्।
eprateekdaily.com

❖ वर्ष ३६ ❖ २०७९ चैत १२ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 March 26 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क २०५

## माईराम पोखरीपछि महानगरको नजर इनर्वाको गौचरणको जग्गामा

प्रस, परवानीपुर, ११ चैत/
वीरगंज महानगरले अहिले वीरगंज महानगरपालिकाका वडा नं १ देखि ३२ सम्मका ऐलानी जग्गा पहिचान गरी नियन्त्रणमा लिने अभियान चलाएको छ।

वीरगंज महानगरका प्रमुख राजेशमान सिंहले शुरूमा हरि खेतान बहुमुखी क्याम्पसअगाडिको माईराम पोखरी (चिल्ड्रेन पार्क)को अतिक्रमित जग्गामा डोजर चलाएर अतिक्रमित जग्गा खाली गराउने अभियान चलाए।

त्यसपछि उनले वीरगंजको वडा नं १७ अलौं र १९ विन्ध्यवासिनीमा करीब १६ बिघाभन्दा बढी जग्गा खाली गराए।

त्यसैगरी, उनले अब वीरगंजको वडा नं १६ को नगवा-इनर्वामा गौचरणको छ बिघा पाँच कट्ठा र १८ कट्ठाको पोखरीको डिलमा निर्माण भएको अतिक्रमित जग्गा पनि खाली गराउन सूचना दिएका छन्। यही चैत १ गते सूचना टाँस गर्दै १५ दिनमा महानगरको ऐलानी जग्गा खाली गराउन निर्देशन दिएका छन्। १५ दिनमा सो ठाउँ खाली नभए महानगरले डोजर लगाएर खाली गराउने महानगरले जनाएको छ।

वीरगंज महानगरको सूचनाले इनर्वा गाउँका सुकुमबासीहरू त्रसित बनेका छन्। कतिपय गाउँलेले ऐलानी जग्गामा घर बनाएका र उनीहरूलाई हटाए दर्जनौं परिवारको बिल्लबाठ लाग्ने अनुमान गरिएको छ। सूचनाको समयसीमा समाप्त भएपछि उक्त अतिक्रमित जग्गा खाली गराउन डोजर चलाउने वीरगंज महानगरले जनाएको छ।


तस्वीरः प्रतीक

## शिक्षित व्यक्तिको मानसिकतामा परिवर्तन जरुरी -राज्यमन्त्री अन्सारी

प्रस, पोखरिया, ११ चैत/
उद्योग, पर्यटन तथा वनमन्त्री रहवर अन्सारीले गाउँका शिक्षित व्यक्ति अहिले ठेकेदार भएको बताएका छन्।

अजिज मियाँ मावि धोबिनीले शनिवार आयोजना गरेको कार्यक्रममा उनले शिक्षाको नीति परिवर्तन गर्नुभन्दा शिक्षित व्यक्तिको मानसिकता परिवर्तन हुनुपर्ने बताए।

गाउँका शिक्षित व्यक्तिहरूले आफैं सबै जान्ने र अरू कोही व्यक्ति शिक्षा नपाओस् भन्ने मानसिकता बोकी हिंडेका कारण शिक्षामा आशाप्रद प्रगति हुन नसकेको उनले बताए।

उनले वातावरण संरक्षणका लागि सबैलाई बोटबिरुवा रोप्न सुझाए। उनले पहाडका जनताले बोटबिरुवा रोपी हरियाली बढाउने तर तराईका जनताले बोटबिरुवा नष्ट गरेर उर्वर भूमिलाई मरुभूमिमा परिणत गरिरहेको दोषारोपण लगाए।

वडाध्यक्ष मनवर मियाँको अध्यक्षतामा भएको कार्यक्रममा शेख चाँदतारा, वडाध्यक्ष बन्धु साह, सलाउद्दीन अहमद, प्रअ जीतेन्द्र राम, वाइसिएलका केन्द्रीय सदस्य सन्तोष पटेल, सरोज पटेल, दुगड ग्रुपका अधिकृत सन्तोष यादव, इन्जिनीयर रामबाबु पटेललगायतले मन्तव्य व्यक्त गरेका थिए।


तस्वीरः प्रतीक

कार्यक्रममा दुगड ग्रुपका अधिकृत यादवले विद्यालयलाई रु ५१ हजार सहयोग गरेका थिए।

कार्यक्रमको सहजीकरण आरिफ अन्सारीले गरेका थिए भने स्वागत धोबिनी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नवाज हुसेनले गरेका थिए।

## मल नियन्त्रणमा लिई प्रहरीको जिम्मा

प्रस, निजगढ, ११ चैत/
निजगढ-४ बागदेवस्थित दुईवटा सहकारी मल डिपोबाट नेपाल सरकारबाट अनुदानप्राप्त रासायनिक मल लेखिएको डिएपी मल निजगढबाहिर पठाउँदै गरेको थाहा पाएपछि स्थानीयले नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय, निजगढलाई बुझाएका छन्।


निजगढबाट रासायनिक मल लैजान थालेपछि सडकटोलका स्थानीयले नियन्त्रणमा लिई प्रहरीलाई बुझाउँदै। तस्वीरः जीतलाल श्रेष्ठ

शनिवार बिहान भारतीय नम्बर प्लेटका पाँचवटा मोटरसाइकलमा २० बोरा मल लैजाँदै गर्दा निजगढ-६ सडकटोलका भीमसेन सापकोटाको नेतृत्वमा तीनवटा मोटरसाइकलमा रहेको १२ बोरा मल, मोटरसाइकल र मल तस्करलाई नियन्त्रणमा लिई इप्रका, निजगढको जिम्मा लगाए पनि साँझ प्रहरीले छोडेको छ। नेपालका किसानहरूले मलको अभाव हुँदा भारतबाट विभिन्न सीमानाकाबाट भित्र्याइ मलको अभाव टार्दै आएका थिए। भारतबाट ल्याइने रासायनिक मलको चर्को मूल्य तिर्दै निजगढका किसानहरूले पनि खेतीपाती गर्दै आइरहेका थिए।

सहकारी मल डिपोलाई उसको निर्धारित क्षेत्रमा बिक्री वितरण गर्न मल उपलब्ध गराइएको हुन्छ। सहकारी डिपो निर्धारित क्षेत्रभन्दा बाहिर मल बिक्री वितरण गर्न पाउँदैन।

निजगढका किसानका लागि उपलब्ध गराइएका अनुदानका मल अन्यत्र लैजान थालेपछि स्थानीयले मल र तस्करलाई नियन्त्रणमा लिई प्रहरीलाई बुझाएका थिए।

तस्करहरूलाई आइन्दा गैरकानुनी कारोबार नगर्ने शर्तमा छोडेको इप्रका, निजगढका प्रहरी निरीक्षक घनश्याम श्रेष्ठले बताए।

कानूनविपरीत अवैध धन्दा गर्नेलाई पनि नियन्त्रणमा लिई कारबाही चलाउनुपर्नेमा छोडिदिंदा प्रहरीको नियतमाथि प्रश्न उठेको निजगढका किसानहरू बताउँछन्।

प्रतिबोरा दुई हजार ६५० मा पाइने अनुदानको डिएपी मल सहकारी डिपोले (बाँकी तेस्रो पातामा)

## अहिलेको गठबन्धन पवित्र हो -नेता नेपाल

प्रस, सिम्रौनगढ, ११ चैत/
मिडिया फर बोर्डर हार्मोनी, रौतहटको आयोजनामा शनिवार रौतहटको ईशनाथ नगरपालिका-३ औरैयास्थित ईशनाथ मन्दिरमा नेपाल-भारत सम्बन्धबारे अन्तर्क्रिया सम्पन्न भएको छ।

कार्यक्रमका प्रमुख अतिथि नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले अहिलेको गठबन्धन पवित्र भएको र यसअघि एमाले-माओवादीसहितको गठबन्धन अपवित्र भएको बताए।

उनले अहिलेको गठबन्धन सरकार पाँच वर्षसम्म टिकाउ हुने दाबी गरे। उनले किसानहरूको मलको समस्या समाधान हुने आश्वासन दिए। उनले मलको समस्या अल्पकालीन नभएर दीर्घकालीनरूपमा समाधान हुनुपर्नेमा जोड (बाँकी तेस्रो पातामा)


तस्वीरः प्रतीक

## चैती छठ पूजा शुरू

प्रस, पोखरिया, ११ चैत/
श्रद्धा र निष्ठापूर्वक मनाइने चैती छठ शनिवारदेखि विधिवत्‌रूपमा शुरू भएको छ।

चैत शुक्ल चतुर्थीदेखि सप्तमीसम्म चार दिन विभिन्न विधिका साथ मनाइने छठको पहिलो दिन बर्तालुले नहाय-खाय (पवित्र स्नान गरेर शुद्ध खाने) विधिबाट चैती छठ पूजाको शुभारम्भ गरेका छन्। पर्वको पहिलो दिन पवित्र स्नान गरेर व्रत सङ्कल्प गरी चोखो खाने चलन छ।

शरद् र वसन्त ऋतुमा गरी वर्षमा दुईपटक मनाइने छठ सूर्य उपासनाको पर्व हो।

शरद् ऋतुमा कात्तिक शुक्ल चौथीदेखि सप्तमीसम्म र वसन्त ऋतुमा चैत शुक्ल चौथीदेखि सप्तमीसम्म समान विधिले यो पर्व सम्पन्न गरिन्छ। तराई-मधेसमा छठ जनजन परिचालन हुने महापर्व मानिन्छ। यद्यपि कात्तिक सरह भने चैती छठ मनाइँदैन।


तस्वीरः फाइल

छठ पर्वको पहिलो दिन नहाय-खाय, दोस्रो दिन उपवास बसेर राति सख्खरमा पकाइएको खीर, पुडी खाइन्छ, जसलाई खरना भनिन्छ। तेस्रो दिन षष्ठी तिथिमा निराहार उपवास बसेर साँझ अस्ताउँदो सूर्यलाई अर्घ्य दिइन्छ, जसलाई सँझिया घाट भनिन्छ। सप्तमीका दिन बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिएर पर्व सम्पन्न गरिन्छ।

छठ पर्वमा ठेकुवा, केरा, उखु, सुन्तला, कागती, बोडी, सुथनी, मूलालगायतका फलफूल र हरियो तरकारी बर्तालुले अर्घ्यका बेला सूर्यतर्फ देखाउने गर्छन्।

छठ सूर्य र सूर्यपत्नी षष्ठीको उपासनाको पर्व हो। यो व्रतको प्रभावले बर्तालुको मनोकाङ्क्षा पूरा हुने विश्वास गरिन्छ। व्रत प्रभावले छालाजन्य रोग नलाग्ने जनविश्वास छ।

## परवानीपुरमा चैते दशैं मनाइँदै

प्रस, परवानीपुर, ११ चैत/
वीरगंज-२१ परवानीपुरमा चैते दशैं मनाइँदै छ। संसारीमाई पूजा समिति, परवानीपुरले संसारीमाई मन्दिरमा दुर्गा पूजा आयोजना गरी चैते दशैं मनाइरहेको जनाएको छ।



गत चैत ८ गतेदेखि शुरू भएको दुर्गा पूजा चैत १७ गते समापन हुने दुर्गा पूजा आयोजना समितिका अध्यक्ष भगवान साहले बताए।

विगत १८ वर्षदेखि परवानीपुरको संसारीमाई मन्दिरमा चैते दशैं मनाइँदै (बाँकी अन्तिम पातामा)

हार्दिक समवेदना

जन्मः
वि.सं. २०१६

स्वर्गारोहण
२०७९ चैत १०


स्व. अर्जुन शम्शेर जबरा

यस माउन्ट एडमन्ड माध्यमिक विद्यालयका संस्थापक/निर्देशक अर्जुन शम्शेर जबराको असामयिक निधनप्रति गहिरो दुःख व्यक्त गर्दछौं। साथै दुःखको यस घडीमा परिवाजनलाई धैर्यधारण गर्न सक्ने शक्ति ईश्वरले प्रदान गरून् भन्दै हार्दिक समवेदना प्रकट गर्दछौं।

माउन्ट एडमन्ड माध्यमिक विद्यालय परिवार
ॐ आश्रम, श्रीपुर, वीरगंज-११

## विचारसार र सूक्तिहरू

**सत्य र निडरता दुवैको साथ छ, सच्चा मानिस सदैव निर्भय रहन्छ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# करत-करत अभ्यास

**वास्तवमा बानीबाट हाम्रो संस्कार बन्छ, जस अनुरूप हाम्रो व्यक्तित्व ढल्छ; जुन फेरि हाम्रो नियतिलाई तय गर्छ। यस प्रकार राम्रो कार्यका सतत् अभ्यास श्रेष्ठ संस्कारका रूपमा फलित हुन्छन्, जुन व्यक्तित्वको सार रूपमा एउटा राम्रो चरित्रको निर्माण गर्छ।**

अभ्यासको महत्त्व सर्वविदितै छ। यसको प्रभाव जादुसरह हुन्छ। चट्टानसँग ठोक्किने समुद्रको लहरले त्यसमाथि चिह्न छोड्छ। माटोको घडाले ढुङ्गालाई खियाएर खाल्डो बनाइदिन्छ। नदीसँगै ढलमलाउने ढुङ्गाले एक दिन शिवलिङ्गको रूप लिन्छ। निस्सन्देह रूपमा यो एउटा लामो प्रक्रिया हुन्छ तर यसको परिणाम चमत्कारी हुन्छ। आश्चर्य हुँदैन कि मन जस्तो चञ्चल तत्त्वको निग्रहको लागि भगवान् श्रीकृष्णले अर्जुनलाई अभ्यासको नै उपदेश दिएका थिए।

वस्तुतः अभ्यासको कुनै विकल्प छैन। जीवनको कुनै पनि क्षेत्रमा सफलताको लागि यो सबैभन्दा ठूलो तत्त्व हो। कुनै पनि महान् वैज्ञानिक, दार्शनिक, सन्त वा महापुरुषको जीवन खोतलेर हेर्दा उनीहरूको जीवनको सफलताको रहस्य अभ्यास नै रहेको पाउँछौं। सम्पूर्ण प्रतिकूलता, विषमताका बावजूद पनि उनीहरू आफ्नो अभ्यासमा अटल रहे। उनीहरूको प्रयास अनवरतरूपले निरन्तर गतिले चलिरह्यो, जसको बलमा उनीहरू आफ्नो निर्धारित क्षेत्रमा उत्कृष्टताको शिखरसम्म पुगे।

पटक-पटक अभ्यासले बानीको निर्माण गर्छ। यदि अभ्यास राम्रो कर्मको लागि भएको छ भने राम्रो बानी बन्छ र यदि अभ्यास गलत कामको लागि हुन्छ भने व्यक्ति गलत बानीको शिकार हुन्छ। यदि एकपटक गलत बानी पर्‍यो भने त्यसबाट छुटकारा पाउन कठिन हुन्छ तर यस्तोमा निराश हुनुपर्ने आवश्यकता छैन। यदि जान-अनजानमैं कुनै गलत बानी बस्यो भने त्यसको पनि उपचार छ। अभ्यासको सहारा यस्तोमा तारणहार बन्छ। नराम्रा बानीलाई अभ्यासबाट टाढा गर्न सकिन्छ। बस, आवश्यकता निरन्तर प्रयासको हुनुपर्छ।

अभ्यासको महान् शक्तिबाट प्रायः हामी परिचित छैनौं। प्रारम्भमा टाइप गर्नु एउटा असम्भव कार्य लाग्छ, तर पटक-पटक यसको अभ्यासबाट एक दिन औंला स्वतः चल्न थाल्छ र व्यक्तिले नहेरीकनै टाइप गर्न थाल्छ।

यो अभ्यासको कमाल हो। साइकलदेखि लिएर पौडीसम्म जस्ता कार्य जुन प्रारम्भमा असम्भव लाग्छ, त्यो अभ्यासको कारण सरल-सहज बन्न पुग्छ। यसले सबै अभ्यासको शक्तिलाई नै दर्शाउँछ।

शान्ति, आत्मिक उत्कर्ष र दिव्यताको अभीप्सु साधकको लागि अभ्यासको झनै बढी आवश्यकता हुन्छ। इन्द्रिय र मन पहिले नै गलत मार्गमा हिंड्नको लागि आदी भइसकेका हुन्छन्। यी दुई मिनेटको सुखको लागि पूरै जीवनलाई चौपट गर्न तत्पर रहन्छन्। यस धाराको विपरीत तिनलाई ऊर्ध्वमुखी दिशा दिन दृढ सङ्कल्प एवं अभ्यासको माग गरिन्छ। यसको विपरीत यदि हामी मनलाई मनमानी गर्न छुट दिइरहन्छौं भने यस्तो स्थितिमा यही दर्शाउँछ कि हामी आफ्नो सुधारको लागि सङ्कल्पित छैनौं, आफ्नो साधनाप्रति निष्ठावान् छैनौं। हाम्रो अभ्यास अहिले आलोकाँचो छ। हामी अहिले आध्यात्मिक पथमा आरूढ भएका छैनौं।

भित्र झाँकेर हेर्दा हाम्रो दुःखको वास्तविक कारण मनमाथि नियन्त्रणको अभाव हो। यसैको कारण हामी आफ्नो लक्ष्यमाथि केन्द्रित हुन पाउँदैनौं। मनको अनुशासनहीनता र दुराचरणको कारण एकाग्रताको अभाव हो। बिग्रिएको मनले हामीलाई आफ्नो इशारामा नचाउँछ। कुनै नशाको अम्मली व्यक्तिलाई यही मात्र थाहा हुन्छ कि उसको हरेक डोजले उसलाई बेहोशी, गम्भीर रोग र मृत्युतर्फ धकेलिरहेको हुन्छ, तर पनि उसले छोड्न सक्दैन र नशाको लागि व्याकुल भइरहन्छ, त्यसको लागि जेसुकै गर्न तयार हुन्छ। यदि व्यक्तिमा राम्रो बानी बसाल्नु छ भने यस्तै व्याकुल, यस्तै सङ्कल्प जाग्यो भने कसैले उसको शान्ति र प्रसन्नता आर्जन गर्न रोक्न सक्दैन।

वास्तवमा बानीबाट हाम्रो संस्कार बन्छ, जस अनुरूप हाम्रो व्यक्तित्व ढल्छ; जुन फेरि हाम्रो नियतिलाई तय गर्छ। यस प्रकार राम्रो कार्यका सतत् अभ्यास श्रेष्ठ संस्कारका रूपमा फलित हुन्छन्, जुन व्यक्तित्वको सार रूपमा एउटा राम्रो चरित्रको निर्माण गर्छ। यसको विपरीत नराम्रा बानीका अभ्यासले भविष्यमा केवल अवाञ्छनीय परिस्थिति निर्माण गर्छ। यदि हामी नराम्रा बानी सुधार्न चाहन्छौं भने यो केवल राम्रा बानी वा सदाचरणको माध्यमबाट नै सम्भव हुन्छ। यस्तो अभ्यासले हामीभित्र आत्मविश्वास दिन्छ र साथै मनलाई सशक्त बनाउँछ; जसको साथ हामी विपरीत वा विषम परिस्थितिका बीच पनि शान्ति र आनन्दसाथ रहन सक्छौं।

कैयौं मानिस आफ्नो गलती र कमीमाथि मुर्मुरिरहन्छन् र चिन्तित रहन्छन् कि यसबाट कसरी पार पाउने? यो एउटा निकै चिन्ताजनक एवं हानिकारक स्थिति हो, जुन हाम्रो ऊर्जालाई सोस्छ र नकारात्मक प्रभावलाई हामीमाथि हाबी हुने अवसर दिन्छ। यसको सट्टा हामीले सम्भावित समाधानमाथि विचार गर्नुपर्छ र राम्रा बानी बसाल्ने भरसक प्रयास गर्नुपर्छ र आफ्नो चरित्रलाई सशक्त बनाउनुपर्छ। साधु, सन्त एवं ऋषि आत्माहरू दीर्घकालसम्म आफ्नो दिव्यतामाथि गहन श्रद्धा एवं आध्यात्मिक अभ्यासका बुताबाट सशक्त चरित्र निर्माण गर्छन् र विषम परिस्थितिमा पनि शान्ति एवं आनन्दका साथ रहन्छन्। यस्तो चरित्र निर्माणको लागि वा यस्तो स्थितिलाई पाउनको लागि सत्सङ्कल्प एवं यसको सतत् अभ्यासका धैर्य एवं प्रयास चाहिन्छ। मानिसहरू प्रायः यसको महत्त्व थाहा पाएर पनि टालटुल गरिरहन्छन्; जबकि यसलाई दिनचर्यामा प्राथमिकता दिने र नित्यप्रति अभ्यास गर्नुपर्ने आवश्यकता रहन्छ।

यदि यस्तो सङ्कल्प जाग्यो भने एक दिन नबिराइकन यसको अभ्यास गर्नुपर्छ; किनभने यसमा एकपटक पनि छुट दिएमा मनले पुनः त्यस्तै कार्य गर्ने बहाना खोज्छ। अभ्यासको जादु तब काम गर्छ, जब यसमा नियमितता हुन्छ। सर्कसमा हावामा उफ्रिनेदेखि लिएर सिंह-बाघ जस्ता खुङ्खार जनावरबाट चटक गराउनु भनेको नियमित अभ्यासको परिणाम हो, जसलाई देखेर दर्शक अचम्ममा पर्छन्।

यस्तै यदि व्यक्ति ठान्छ भने मनलाई किन साध्न सक्दैन। आवश्यकता लामो अन्तरालसम्म धैर्य एवं अध्यवसायको साथ अभ्यासको हुनुपर्छ। भगवान् श्रीकृष्णले गीतामा अर्जुनलाई वैराग्यको सँग यसै अभ्यासलाई गर्न सन्देश दिएका छन्। साथै यो पनि आश्वस्त गरेका छन् कि सत्पथ हेतु गरिएको कुनै पनि प्रयत्न व्यर्थ जाँदैन। धर्मको मार्गमा थोरै पनि प्रयास महान् भयबाट ताने हुन्छ। यस्तैमा हाम्रो कर्तव्य बन्छ कि पूरै दृढताको साथ धर्मको पथमा हरसम्भव प्रयास नियमितरूपले गरिरहनुपर्छ, त्यसपछि समयको साथ जीवन शान्ति, सन्तोष र आनन्दको रूपमा फलित हुन्छ।

# अर्थतन्त्रको दुर्गति, सरकारको कुमति

समयान्तर



ओमप्रकाश खनाल
omkhanal@gmail.com

**अर्थतन्त्रलाई गतिमा फर्काउन उत्पादन बढाउनुको विकल्प छैन। अहिले समग्र उत्पादन र व्यापार २५ प्रतिशतमा झरेको अनुमान छ। यसबाट करीब ६० प्रतिशत रोजगार कटौती भएको अनुमान सार्वजनिक भएका छन्। आय र माग सिर्जनाका सन्दर्भमा यो गम्भीर चिन्ताको विषय हो।**

कोरोना महामारीले अर्थतन्त्रमा पारेको प्रभाव केही हदसम्म मत्थर भएपनि लय समात्न सकेको अवस्था भने छैन। कोरोना महामारीले विश्व अर्थतन्त्र नै सङ्कटमा परेको अवस्थामा आयातमा आधारित आपूर्ति व्यवस्थामा टिकेको हाम्रोजस्तो अर्थतन्त्रले त्यसको सामनाको तयारी गर्नुपर्ने हो। तर सरकारसँग यस्ता कुनै तयारी र योजना देखिएन। बरु महामारीले निम्त्याएको सकसबीच सरकारले चालू आर्थिक वर्ष २०७९/८० को लागि ल्याएको वार्षिक बजेटमा सङ्कटको छनकसमेत देखिएको थिएन।

यतिसम्म कि विदेशी विनिमय सञ्चिति घटेको भन्दै आफैं घोषणा गरेको सङ्कटसमेत बजेटमा कहींकतै देखिएन। कोरोनापछिको अवस्थाका कारण विश्वको अर्थतन्त्र समस्यामा पर्ने प्रक्षेपण भइराख्दा हाम्रो सरकारले भने आठ प्रतिशतको आर्थिक वृद्धिको लक्ष्य राखेको थियो। त्यति बेलै यसलाई आधारविनाको महत्त्वाकाङ्क्षा भनिएको थियो। बजेटमा लोकरिझ्याइका कार्यक्रम हेर्दा मुलुकको अर्थतन्त्रमा समस्याको सङ्केतसमेत देखिएको थिएन। तर वास्तविकता फरक थियो। विज्ञहरूले सरकारले सङ्कटलाई बेवास्ता गरेको बताइरहे, सरकारले सुनेको नसुन्यै गर्‍यो। सरकारको यो हठ धेरै दिन टिक्न सकेन।

सरकारले बजेटलाई अहिले संशोधन गरी आर्थिक वृद्धिको लक्ष्यलाई चार दशमलव पाँच प्रतिशतमा झारेको छ। संशोधित लक्ष्य पनि पूरा हुने हो कि होइन भन्नेमा आशङ्का यथावत् छ। वर्षको आठ महीना बितिसक्दा सरकारले लक्ष्यमा राखेको राजस्वमध्ये ४० प्रतिशत मात्रै उठेको छ। साधारण खर्च चलाउने पैसा नभएर सरकार अनेक नाममा जनताको रकम थुपारेर राखिएका कोषबाट रकमान्तर गरिराखेको अवस्था छ। दैनिक प्रशासन चलाउन पनि समस्या हुने देखिएको छ। सरकार भने सत्तापक्षका कार्यकर्ता खुशी पार्न अर्बौं रुपैयाँ बाँड्ने योजनामा उद्यत् देखिएको छ। यसमा अहिले सरकारमा रहेका र सत्तामा जान खुट्टो उचालेर बसेका सबै दल दूधको साक्षी बिरालोजस्ता प्रतीत भइराखेका छन्।

आयातमुखी आपूर्ति र त्यसैबाट आउने राजस्वमा टिकेको अर्थतन्त्रका आधार आन्तरिक वा बाह्य कुनै पनि सानोतिनो असहजताबाट अति प्रभावित हुनु स्वाभाविकै हो। सरकारले आयातमा प्रतिबन्ध त लगायो, तर उत्पादन वृद्धिका नीति र योजना ल्याउन त परको कुरा त्यतातिर सोच पनि गएको देखिएन। विदेशी मुद्राको सञ्चिति घट्यो, आयात रोक्यो। केही सहज भयो खुला गरिदियो। यसमा कुनै अध्ययन, अनुसन्धान वा रणनीतिक योजना देख्न पाइएको छैन। समकालीन अर्थतन्त्रको मूलभूत समस्या नै यही हो।

सरकार आय बढाउन र खर्च घटाउन दुवै काममा असफल भयो। तर नियन्त्रणका नाममा अराजकता बढाउन सहयोगीजस्तो देखियो। सरकारले व्यापार नियन्त्रण गर्दा गाडीबाहेक कुन चाहिं नियन्त्रित वस्तु बजारमा उपलब्ध थिएन? मूल्यमा मनपरी चल्यो, तर बजारमा अभाव देखिएन।

अर्थतन्त्रको पछिल्लो सूचक हेर्दा विप्रेषण आप्रवाहबाहेक अन्यमा सन्तोष मान्नुपर्ने आधार देखिंदैन। अर्थतन्त्र सुधारका लागि उत्पादन बढाउनुपर्दछ। उत्पादन अभिवृद्धिसँगै अनौपचारिक अर्थतन्त्रलाई नियन्त्रणमा राख्नुपर्दछ। हालै प्रधानमन्त्रीले अनौपचारिक अर्थतन्त्र नियन्त्रणको निर्देशन दिएका समाचार सञ्चारमाध्यममा आए। तर सरकारी रवैया र मातहतका निकायको कार्यशैली हेर्दा त्यसको प्रत्याभूतिमा विश्वस्त हुने आधार सुदूरसम्म देखा परेको छैन।

अर्थतन्त्रमा एक प्रकारको अराजकता व्याप्त छ। अनौपचारिक कारोबार मौलाएको छ। भ्रष्टाचार भयावह छ। राज्यका तल्लो निकायदेखि नीतिगत तहसम्म संस्थागत भ्रष्टाचार भइरहेको छ। पहिला गुपचुपमा हुने भ्रष्टाचार अहिले खुलेआम भइरहेको छ। नियन्त्रणका निकायलाई सत्तामा बस्नेहरूले कठपुतली बनाएका छन्। सत्तासीनहरू नै भ्रष्टाचारमा मुछिंदा छानबीनको साटो उन्मुक्तिको चाँजोपाँजो मिलाइन्छ भने त्यहाँ कस्तो सुशासन र व्यवस्थाको आस गर्ने?

वित्तीय क्षेत्रमा ब्याजको आतङ्क छ। लगानीयोग्य रकमको अभाव नयाँ विषय होइन। यसको दीर्घकालीन निकासमा आजसम्म पनि सरोकारका पक्षले जिम्मेवारीबोध गरेको भान हुँदैन। एकाध निर्देशनका कर्मकाण्ड सुधारका लागि पर्याप्त छैन, यस्ता निर्देशनले उल्टै समस्यालाई निम्तो दिएका छन्। निजी क्षेत्रले नेपाल राष्ट्र बैंक र वित्तीय प्रणालीलाई दोष लगाउने र मुद्राप्रदायक पक्षले उद्योगी-व्यापारीलाई दोष दिनेबाहेक निकासका निम्ति पत्यारलाग्दो काम हुन सकेको छैन। यो सडकमा आन्दोलन गरेर सुध्रिने विषय पनि होइन।

समस्याको जरो के हो? उद्देश्यभन्दा फरक ठाउँमा रकम गएको हो भने त्यसलाई उचित समयमा उचित तरीकाले सही बाटोमा ल्याउनुपर्दछ। हचुवाको भरमा निर्देशन लादिदिंदा अर्थतन्त्र नै दुर्घटनामा पर्ने जोखिम बढेको छ। समाधानको नाममा समस्या थप्नु गैरजिम्मेवार काम हो। त्यसलाई कसरी सुरक्षितरूपमा अवतरण गराउने? सरकारका निकाय यसमा कत्ति पनि गम्भीर छैनन्।

अहिले तरलता पर्याप्त छ भनिएको छ। चालू पूँजी कर्जा मार्गदर्शनले पुराना योजनामा ऋण दिन कडाइ गरेको छ। लगानीकर्ता नयाँ योजनामा जान हिच्किचाइरहेको अवस्था छ। लगानीकर्ता पर्ख र हेरको अवस्थामा छन्। तरलताको अभाव आजको विषय होइन। कोरोना सङ्कटअघि पनि यो समस्या थियो। यसो हो भने तरलताको स्रोतमा समस्या छ। नयाँ स्रोतको प्रबन्ध गर्नुपर्दछ। बितेको तीन दशकमा नेपालमा कुनै पनि नयाँ विदेशी बैंक आएका छैनन्। विकसित देशमा बचतमा शून्य ब्याजदर छ भने त्यस्तो पैसालाई नेपाल भित्र्याएर किन उपयोग नगर्ने? यसका अनेक मोडालिटीमा गृहकार्य गर्न नसकिने होइन। यसबारेमा सरकारी सोच गएको देखिंदैन।

सरकारले खर्च घटाउने बेतुकका निर्णय गरेको त छ, तर त्यसको कुनै अर्थ छैन। यसको प्रभावकारिता नदेखिएपछि सरकारले निष्क्रिय रहेका विभिन्न सरकारी कोषको रकम तान्न थालेको छ। सरकारका नाममा यस्ता करीब दुई सय कोष रहेको अनुमान छ। सरकारले हचुवामा कोष खडा गरेर जनताको पैसा थुपार्ने काम पनि आर्थिक सङ्कटको एउटा कारण हो। यतिसम्म कि अब सरकार ठूला करदाताबाट अग्रिम कर माग्न थालेको छ। यसबाट सरकारी ढुकुटीको हबिगत के रहेछ भनेर अनुमान लगाउन असहज छैन।

प्रधानमन्त्रीले अवैध व्यापार नियन्त्रण गर्न र कर असुली प्रभावकारी बनाउन निर्देशन दिएका छन्। खुला सिमानाबाट हुने अवैध व्यापार नियन्त्रणमा सरकारी निकायकै इच्छाशक्ति देखिएको छैन। अवैध ओसारपोसार खुलारूपमा भइरहेका समाचार सञ्चारमाध्यममा आइरहेका छन्। एक त माग र आपूर्तिमा आएको कमीले व्यापार खुम्चिएको छ, अर्कातिर भएको आपूर्तिमा समेत तस्करीको बोलबाला भएपछि राजस्व त मर्ने नै भयो।

अर्थतन्त्रलाई गतिमा फर्काउन उत्पादन बढाउनुको विकल्प छैन। अहिले समग्र उत्पादन र व्यापार २५ प्रतिशतमा झरेको अनुमान छ। यसबाट करीब ६० प्रतिशत रोजगार कटौती भएको अनुमान सार्वजनिक भएका छन्। आय र माग सिर्जनाका सन्दर्भमा यो गम्भीर चिन्ताको विषय हो। उत्पादन बढाउँदा त्यसको चक्रीय प्रभाव रोजगार, आय र उपभोग हुँदै उत्पादनमैं जोडिन्छ। यसका अवयवले अर्थतन्त्रलाई गति दिन्छन्। अर्थतन्त्रको यो सकारात्मक चक्र चलाउन सरकार संवेदनशील हुन अपरिहार्य छ, अभाव यसैको छ।

# विधान संशोधन मस्यौदामाथि जसपाको छलफल

प्रस, वीरगंज, ११ चैत/

जनता समाजवादी पार्टी नेपाल मधेस प्रदेश समितिले विधान संशोधनको




मस्यौदामाथि शनिवार छलफल गरेको छ। बाराको कलैयामा मधेस प्रदेशका आठवटै जिल्लाका नेता तथा कार्यकर्ताहरूले विधान मस्यौदामाथि प्रदेशस्तरीय छलफल जसपाका प्रदेश अध्यक्ष रामबाबू यादवको अध्यक्षतामा भएको थियो। कार्यक्रममा पार्टीका कार्यकारिणी सदस्य तथा मधेस प्रदेशका प्रथम मुख्यमन्त्री लालबाबू राउत गद्दीले प्रदेशको मुख्य सहजकर्ताको रूपमा विषयवस्तुमाथि प्रकाश पारेका थिए। १० वटा समूह बनाएर समूहगतरूपमा भएको छलफलमा पार्टीका कार्यकारिणी सदस्य राजकिशोर यादव, गोविन्द चौधरी, हरिनारायण यादव, मधेस प्रदेशका मुख्यमन्त्री सरोज यादव, सांसद दीपक कार्की, वीरेन्द्र महतो, राष्ट्रियसभा सदस्य मृगेन्द्र सिंह, मधेस प्रदेशका अर्थमन्त्री सञ्जय यादव, सामाजिक विकास मन्त्री सुरिता साह, खानेपानी तथा ऊर्जा विकास मन्त्री सिंहासन साह कलवारलगायत पार्टीका केन्द्रीय तथा प्रदेशका पदाधिकारी सदस्यहरू, जिल्लास्थित पार्टीका अध्यक्षहरूको सहभागिता रहेको जसपाका प्रदेश सदस्य दीपक यादवले जानकारी दिए।

यता जसपाको आगामी चैत २६, २७ र २८ गते हुने विधान अधिवेशनका लागि जसपा अध्यक्षको नेतृत्वमा बनेको कार्यदलले विधान संशोधन मस्यौदा तयार पारेको छ। सो मस्यौदाको विषयमा हरेक प्रदेश तथा जिल्लाबाट सुझाव माग गरिएको छ। विधान संशोधन मस्यौदा अनुसार जसपाले केन्द्रीय समिति सदस्य सङ्ख्या घटाउने तयारी गरेको छ। पार्टीले तयार पारेको विधान मस्यौदामा १५१ सदस्यीय कार्यसमितिको प्रस्ताव गरिएको छ। हाल सो पार्टीको विधानमा ७०१ सदस्यीय कार्यसमिति बनाउने नियम छ। विधान मस्यौदामा त्यसलाई घटाएर १५१ कायम गर्ने प्रस्ताव गरिएको हो। मस्यौदामा केन्द्रीय समितिमा ४० प्रतिशत युवा हुनुपर्ने प्रस्ताव गरिएको छ भने ७० वर्ष पूरा भएका व्यक्ति केन्द्रीय समिति, प्रदेश समिति र जिल्ला समितिको पदाधिकारी वा सदस्यमा निर्वाचित हुन वा बस्न नपाउने व्यवस्था गरिएको छ। केन्द्रीय समितिको निर्वाचनमा कम्तीमा एक तिहाइ महिलासहित नेपालको विविधता प्रतिविम्बित हुनेगरी पार्टी सदस्य सङ्ख्याको अनुपातमा मधेसी, आदिवासी जनजाति, थारू, दलित, महिला, खस आर्य, मुस्लिम र अल्पसङ्ख्यक समुदाय, जातीय र सामाजिक समूहहरूबाट ७० प्रतिशत र खुल्ला प्रतिस्पर्धाबाट ३० प्रतिशत केन्द्रीय सदस्यहरू निर्वाचित हुने मस्यौदामा उल्लेख गरिएको छ।

त्यसैगरी, मस्यौदामा पहिचानका आधारमा राष्ट्रिय समिति बनाइने विषयलाई विधानबाट हटाइने प्रस्ताव गरिएको छ। पार्टीमा मधेस राष्ट्रिय समिति, लिम्बुवान राष्ट्रिय समिति, किराँत राष्ट्रिय समिति, शेर्पालुङ राष्ट्रिय समिति, खसान राष्ट्रिय समिति, तमुवान राष्ट्रिय समिति, ताम्सालिङ राष्ट्रिय समिति, थारूवान राष्ट्रिय समिति, नेवा राष्ट्रिय समिति, मगरात राष्ट्रिय समिति र शिल्पी दलित राष्ट्रिय समिति रहेका

(बाँकी तेस्रो पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## 'चीनले रूसलाई हतियार आपूर्ति गरेको छैन'

ओटावा, ११ चैत/एएफपी

अमेरिकी राष्ट्रपति जो बाइडेनले युक्रेन युद्ध प्रारम्भ भएपछि रूसलाई चीनले हातहतियार आपूर्ति नगरेको बताएका छन् ।



अमेरिकी राष्ट्रपति जो बाइडेन। तस्वीरः फाइल

विगत तीन महीनादेखि आफूले रूसलाई चीनबाट हतियार आपूर्ति भएको खबर सुने पनि अहिलेसम्म बेइजिङले त्यसो नगरेको उनले बताए ।

"चीनले अहिलेसम्म रूसलाई हतियार उपलब्ध गराएको छैन भन्नेमा म विश्वस्त छु," क्यानडा भ्रमणमा रहेका अमेरिकी राष्ट्रपतिले यहाँ भएको पत्रकार सम्मेलनमा भने । साथै उनले चीन र रूसबीचको सम्बन्धलाई सामान्यरूपमा नलिएको बताउँदै पछिल्लो समय सार्वजनिक भएका समाचारमा बढाइचढाइ भएको बताए ।

राष्ट्रपति बाइडेनले प्रजातन्त्रवादी पश्चिमा मुलुकबीचको सुदृढ सम्बन्धमा जोड दिंदै पारस्परिक एकता र सहयोग अपरिहार्य भएको बताए । उनले प्रशान्त क्षेत्रमा विद्यमान अमेरिकी गठबन्धन 'क्वाड' र अस्ट्रेलिया, भारत, जापान र बेलायत सम्मिलित औकुस (एयुकेयुस) महत्त्वपूर्ण सुरक्षा साझेदार हुन् भने ।

यसै साता चिनियाँ राष्ट्रपति सी जिनपिङबाट भएको रूस भ्रमण मस्को र बेइजिङबीचको विशेष प्रकृतिको सम्बन्धलाई अझ सुदृढ बनाउने प्रयास हो भन्दै राष्ट्रपति बाइडेनले युक्रेनलाई परास्त गर्न चीनले मस्कोलाई हातहतियार आपूर्ति गर्ने प्रतिबद्धता नजनाएको बताए ।

चीनले रूसलाई हतियार दिने घोषणा गरेको भए अमेरिकासहित पश्चिमा मुलुकले बेइजिङमाथि कडा प्रतिबन्ध लगाउने परिस्थिति सिर्जना गर्थ्यो । युरोपमा नै अपर्याप्त भएको रूसी इन्धन चीनले खरीद गर्ने प्रतिबद्धता पनि व्यावहारिक एवं दीर्घकालीन नभएको अमेरिकी राष्ट्रपतिको विश्लेषण थियो ।

एक पृथक प्रसङ्गमा राष्ट्रपति बाइडेनले आफ्नो देश इरानसँग द्वन्द्वमा फस्न इच्छुक नरहेको तर आफ्ना नागरिक र कर्मचारीको रक्षाका लागि बल प्रयोग गर्न पनि पछि नपर्ने बताएका छन् ।

उत्तरपूर्वी सिरियाको हस्काह समीप गठबन्धन सेनाको शिविरमा बिहीवार भएको ड्रोन आक्रमणमा एकजना अमेरिकी ठेकेदारको मृत्यु हुनाका साथै अमेरिकी सेनाका पाँचजना सदस्य घाइते भएपछि अमेरिकाले त्यहाँ तत्काल हवाई हमला गरेको थियो । ड्रोन आक्रमणको प्रतिकारमा अमेरिकी सेनाले गरेको हवाई हमलामा इरान समर्थक आठजना लडाकू मारिएका थिए ।

अमेरिकी रक्षामन्त्री लोयड अस्टिनले राष्ट्रपति जो बाइडेनको निर्देशनमा इरानको इस्लामिक रिभोलुस्नरी गार्ड्स कर्प्ससँग सम्बद्ध समूहले प्रयोग गर्दै आएको स्थानमा हवाई हमला गरिएको बताएका थिए ।

सिरियामा सक्रिय इरानी समूहले उक्त आक्रमण गरिएको ठानिएको छ किनकि ड्रोन इरानमा निर्माण गरिएको अमेरिकी गुप्तचर निकायले जनाएको छ । रासस

## 'बीफ कबाब'को प्रचार लगत्तै प्रहरीको छापा

प्रस, वीरगंज, ११ चैत/

हिन्दू परिषद् नेपालका केन्द्रीय सदस्य अरुण झाले वीरगंजको लोहारपट्टिमा सञ्चालन गरेको चिकेन स्टेशनमा रमदानको अवसरमा 'बीफ कबाब'मा १० प्रतिशत छुटको विज्ञापन सामाजिक सञ्जालमा आएपछि अहिले वीरगंजमा विरोध भइरहेको छ। चिकेन स्टेशन नामक फेसबूक पेजबाट सो विज्ञापन सार्वजनिक भए लगत्तै विरोध शुरू भएको हो। अहिले सो विज्ञापन उक्त पेजबाट हटाइएको छ । यस सन्दर्भमा अरुण झासँग बुझ्दा उनले भूलवश 'बीफ कबाब' हुन गएको प्रतिक्रिया दिएर पन्छिन खोजे।




यसै सम्बन्धमा पर्साका प्रहरी उपरीक्षक कोमल शाहले घटना प्रकाशमा आएपछि जिल्ला प्रहरी कार्यालय, पर्साको टोलीले छापा मारी खोजतलाश गर्दा बीफ (गाईको मासु) नभेटिएको बताए । प्रहरीको सोधपुछमा पनि सञ्चालक झाले फेसबूकबाट भूलवश यस्तो गलती भएकोमा क्षमायाचना गरेको प्रउ शाहले प्रतिक्रिया दिए ।

"मलाई पनि सूचना आएलगत्तै कारबाही अगाडि बढाएको हुँ, तर चिकेन स्टेशनको किचेन सबै सर्च गर्दा बीफ जस्तो केही भेटेको छैन," उनले भने, "तर पनि थप अनुसन्धान भइरहेको छ, सञ्चालकले माफी मागेका छन् ।"

### मल नियन्त्रण ...

बिचौलिया व्यापारीहरूलाई प्रतिबोरा रु तीन हजारदेखि साढे तीन हजारसम्ममा बिक्री गर्ने गरेको स्रोतले जनाएको छ । सो मल कोल्हवी भएर दक्षिणतर्फ तस्करी हुने गरेको छ ।

किसानहरूबाट प्रतिबोरा बढीमा ५० रुपैयाँ मात्र नाफा हुने र व्यापारी वा बिचौलियालाई बिक्री गर्दा प्रतिबोरा रु एक हजारसम्म नाफा हुने भएपछि निजगढका सहकारी मल डिपोहरूले मलको अवैध कारोबार गर्दै आएका छन्।

अनुदानको रासायनिक मलको गुणस्तर अवैधरूपमा नेपाल भित्रिने भारतीय मलभन्दा राम्रो हुने निजगढका किसानहरू बताउँछन् ।

### अहिले गठबन्धन ...

दिए ।

वीरगंजस्थित भारतीय महावाणिज्य दूतावासका महावाणिज्यदूत नितेश कुमारले नेपाल र भारतबीचको सम्बन्धमा आँच नआउने बताए । उनले सीमा आवागमनमा समस्या नभएको बताउँदै दुवै देशका नागरिकले सीमा नियम कानूनको पालना गर्नुपर्ने बताए ।

मेडिया फर बोर्डर हार्मोनी, रौतहटका अध्यक्ष किशोरी यादवको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल–भारतबीचको सम्बन्ध र सीमामा देखिने समस्याहरूका बारेमा छलफल भएको थियो । कार्यक्रममा सहभागीहरूले भारतीय सीमा सुरक्षा बल (एसएसबी)ले नेपालीहरूलाई दुःख दिएको, सीमामा दुवै देशका नागरिकसँग सटही गर्दा बढी रकम लिने गरेको र आवागमनमा बेलाबखत समस्या भोग्नुपरेको गुनासो गरेका थिए।

कार्यक्रममा पूर्वमन्त्री अनिल झा, रेवन्त झा, प्रा राजकुमार, सूर्य यादव, अमरेश तिवारीलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

## नेपालीलाई पुरस्कार दिने निर्णय



तस्वीरः प्रतीक

प्रस, वीरगंज, ११ चैत/

नेपाल पत्रकार महासङ्घ, पर्साका अध्यक्ष अनुप तिवारीको अध्यक्षतामा शनिवार बैठक सम्पन्न भएको छ ।

महासङ्घको सभाहलमा बसेको बैठकले यही चैत १६ गते महासङ्घको स्थापना दिवसमा कार्यसमिति सदस्य स्व नरेश सर्राफको स्मृतिमा पुरस्कार वितरण गर्ने निर्णय गरेको छ ।

स्व नरेश स्मृति पुरस्कार पहिलोपटक पत्रकार राजेन्द्र सिंह नेपालीलाई प्रदान गर्ने निर्णय भएको शाखा अध्यक्ष तिवारीले बताए ।

### विधान संशोधन ...

छन् । नयाँ बन्ने विधानमा यी समिति नरहने जनाइएको छ। अब जसपाले सङ्घीय परिषद्को व्यवस्था पनि हटाउने भएको छ। उपेन्द्र यादव नेतृत्वको तत्कालीन सङ्घीय समाजवादी फोरमले डा बाबुराम भट्टराई नेतृत्वको नयाँ शक्तिसँग एकीकरण गरी समाजवादी पार्टी बनाएपछि सङ्घीय परिषद्को संरचना बनाएर भट्टराईलाई सोको अध्यक्ष बनाइएको थियो । भट्टराई पार्टीबाट अलग भएपछि अहिले सङ्घीय परिषद्को अध्यक्षमा अशोक राई छन् ।


**आगलागी हुनबाट सावधानी अपनाऔं ।**

- हिउँद तथा सुक्खा याममा आगलागीका घटनाहरू धेरै हुने हुँदा आगोको प्रयोगमा होशियारी अपनाऔं ।
- आगो तथा ग्याँस बालुन्जेल भान्सा छाडेर टाढा नजाऔं र गोठमा घुर बाल्दा सावधानी अपनाऔं ।
- सलाई, लाइटर तथा डिजल, पेट्रोलजस्ता प्रज्वलनशील सामग्री केटाकेटीले भेट्ने गरी नराखौं ।
- हावाहुरी चलेको अवस्थामा फुसको घर तथा खुला स्थानमा आगो नबालौं, बारी, बाटोमा बालिएको आगो पूर्णरूपमा निभेको निर्क्योल गरौं ।
- जथाभावी चुरोट, बिडीका ठुटो ननिभाइ नफ्याँकौं ।
- विद्युत्बाट आगो लागेको शङ्का लागेमा घरमा रहेको मेनस्वीच तत्काल बन्द गरौं ।
- आफ्नो घर, टोलमा आगलागीका घटना भएमा तत्काल वीरगंज महानगरपालिकाको वारुणयन्त्रको सम्पर्क नम्बर ०५१–४१८००० मा खबर गरौं ।

**वीरगंज महानगरपालिका कार्यालय**


## 'भारतको आवाज विश्वभर सुनिनेछ'

नयाँ दिल्ली, ११ चैत/एएनआई

भारतका विभिन्न राजनीतिक दलका नेता तथा कार्यकर्ताका साथै सञ्चारमाध्यमले भारतको आवाज अब विगतको भन्दा अझ चासो दिएर अन्तर्राष्ट्रिय समुदायले सुन्ने बताएका छन्।

सुरतको अदालतले मानहानि मुद्दामा दुई वर्ष जेल सजाय सुनाएको भोलिपल्ट संसद्को तल्लो सदनको कार्यालयले विपक्षी दलका नेता राहुल गाँधीको सांसद पद खारेज गरिएको घोषणा गरेको सन्दर्भमा उनीहरूले भारतप्रति विश्वको चासो बढ्ने बताएका हुन् ।

राजनीतिक दलका नेता तथा सञ्चारमाध्यमले गाँधीलाई जानाजान मानहानि मुद्दामा दोषी ठहर गरिएको आरोप लगाएका छन् । काङ्ग्रेस नेता शशी थरुरले गाँधीको आवाज सत्तारूढ दलले दबाउन खोजे पनि उनको आवाज अब संसारका कुनाकुनामा पुग्ने बताएका छन् ।

राष्ट्रिय राजधानीस्थित पार्टी मुख्यालयमा पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै काङ्ग्रेस नेता अभिषेक मनु सिंघवी र जयराम रमेशले भाजपा नेतृत्वको सरकार राहुल गाँधीको टिप्पणीबाट विचलित भएको बताए ।

गाँधीविरुद्धको मुद्दा कानूनीभन्दा पनि राजनीतिक विषय भएको बताउँदै नेता रमेशले न्यायालयको निर्णयबाट लोकतन्त्रको घाँटी थिच्ने अभीष्टलाई सहयोग पुगेको बताए ।

नेता गाँधीका वकीलहरूले समयमैं उचित कानूनी प्रक्रिया अवलम्बन नगरिएको बताउँदै उनीहरूले गाँधीको भाषण प्रधानमन्त्री नरेन्द्र मोदीप्रति लक्षित भएकाले उजूरीकर्ता पुर्नेश मोदी नभई प्रधानमन्त्री मोदी हुनुपर्थ्यो भनेका छन् ।

सन् २०१९ मा कर्नाटक राज्यको कोलारमा आयोजित चुनावीसभामा नेता गाँधीले 'चोर मोदीहरू' भनेका थिए । उनले भगौडा व्यापारी नीरब मोदी र ललित मोदीलाई लक्ष्य गर्दै त्यसो भनेका थिए । नेता गाँधीको उक्त अभिव्यक्तिले मोदी थर भएका सबैको मानहानी भएको जिकिर गर्दै भारतीय जनता पार्टी (भाजपा)का विधायक एवं गुजरात राज्यका पूर्वमन्त्री पुर्नेश मोदीले उनीविरुद्ध मुद्दा दायर गरेका थिए ।

नेता गाँधी दक्षिणी राज्य केरेलाको वायानाडबाट सांसदमा निर्वाचित भएका थिए ।

यसैबीच नेता गाँधीको सांसद पद खारेज भएकामा त्यसको विरोध गर्दै महाराष्ट्रमा विरोध प्रदर्शन भएको छ । महाराष्ट्र राज्यसभामा मुखमा कालोपट्टी बाँधेर नेताहरूले मौन विरोध प्रदर्शन गरेका छन्। राज्यसभा भवनको सिंढीमा शिवसेनाका नेता उदय ठाकरे, आदित्य ठाकरे र काङ्ग्रेसका नेता जयन्त पाटिललगायत बसेका थिए। रासस

### लोकतन्त्रका निम्ति निरन्तर लड्ने गाँधीको प्रतिबद्धता



भारतका प्रतिपक्षी दलका नेता राहुल गाँधीले लोकतन्त्रका निम्ति निरन्तर लडिरहने प्रतिबद्धता व्यक्त गरेका छन् । देशमा लोकतन्त्रको रक्षाका लागि त्यो अपरिहार्य भएको बताए ।

आज भएको पत्रकार सम्मेलनमा उनले संसद् सदस्य हुनु र नहुनुमा कुनै अन्तर नभएको उल्लेख गर्दै बेथितिविरुद्धको आफ्नो सङ्घर्ष जारी रहने बताए ।

प्रधानमन्त्री नरेन्द्र मोदीका प्रमुख व्यापारिक सहयोगीमाथि आफूले छानबीनको माग गरेपछि घुमाउरो पाराले आफूलाई संसद्बाट निष्कासन गरिएको बताउँदै उनले सुरत अदालतको निर्णयबाट आफू विचलित नभएको बताए । आफू जस्तोसुकै धम्कीमा नझुक्ने र नडराउने बताउँदै उनले प्रधानमन्त्री र व्यापारी गौतम अडानीबीचको सम्बन्धबारे प्रश्न गर्न कहिल्यै पछि नपर्ने दृढता व्यक्त गरे । उनीहरूको सम्बन्धको छानबीन हुनैपर्ने उनले दोहोऱ्याए ।

आलोचकहरूले विपक्षी र अधिकारकर्मीहरूलाई दबाउन मोदी सरकारले कानून प्रयोग गरेको आरोप लगाएका छन् । रासस

### रानीघाट–पोखरिया बस समिति

- भिस्वा– बिहान ७:४० बजे
- भिस्वा– बिहान १०:०० बजे
- भिस्वा– मध्याह्न १२:०० बजे
- भिस्वा– दिउँसो १:३० बजे
- दसौता– दिउँसो २:३० बजे
- सेढवा– दिउँसो ३ बजे
- देउरिया– दिउँसो ३:१५ बजे
- भिस्वा– दिउँसोः ३:४० बजे

### आजको राशिफल

| | |
|---|---|
| मेष – धनलाभ | वृष – भाग्योदय |
| मिथुन – बेचैनी | कर्कट – मनोरञ्जन |
| सिंह – कर्मप्राप्ति | कन्या – प्रगति |
| तुला – वादविवाद | वृश्चिक – यात्रालाभ |
| धनु – कडाश्रम | मकर – ज्ञानोदय |
| कुम्भ – वाहनकष्ट | मीन – विजय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


**चण्डेश्वरी महादेवखोला माईक्रो हाईड्रो कम्पनी प्रा.लि. जगेडा (मौज्दात) शेयर खरिद आब्हान गरिएको सम्बन्धी सार्वजनिक सूचना**

**प्रकाशन मितिः २०७९।१२।१२**

यस चण्डेश्वरी महादेवखोला माईक्रो हाईड्रो कम्पनी प्रा.लि. (प्रा.लि.नं.२३७४०/०५९/०६०) को कम्पनीको संचालक समितिको निर्णय बमोजिम कम्पनीको **प्रोजेक्ट चुलुपे खोला जल विद्युत आयोजना रामेछाप ८.५२** मेगावाट विद्युत उत्पादनको लागि थप पूँजीको आवश्यक्ता भएकाले कम्पनीको नाममा जारी पूँजी कायम भै जगेडामा रहेको प्रति कित्ता रु १०० दरले हुन आउने कम्तीमा १०,००० कित्ता बापतको रु १०,००,०००।–(दस लाख) बराबरको शेयर विक्रि आब्हान गरि आजका मितिले ३०(तीस) दिन भित्रमा कम्पनीले दिएको ढाचा बमोजिमको आवेदन सहित आ–आफुले लिन कबुल गरेको शेयर बापतको रकम कम्पनीमा दाखिला गरि जगेडा शेयर खरिद गर्नु हुनको लागि कम्पनीका सम्पूर्ण शेयरधनी तथा अन्य इच्छुक नव प्रवेशी शेयर खरिदकर्ता महानुभावहरुलाई आब्हान गरि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ । विस्तृत जानकारीका लागि कम्पनीको रजिष्टर्ड कार्यालयमा सम्पर्क गर्नुहुन समेत अनुरोध छ ।

**आज्ञाले**
**प्रमुख कार्यकारी अधिकृत**
चण्डेश्वरी महादेवखोला माईक्रो हाईड्रो कम्पनी प्रा.लि.
(प्रा.लि.नं. २३७४०/०५९/०६०)
कम्पनीको फोन नं. ०१–६६३६७११/९८५१०८८१९०/९८०३१२५८०१
Email: ckhydropower@gmail.com



**यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।**

बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर

**प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)**
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# मधेस सरकारले ठोरीलाई झुक्कायो

चिरञ्जीवी सापकोटा, ठोरी, ११ चैत/

मधेस प्रदेश सरकारले गत वर्षको चैत ११ गते ठोरीलाई मधेस प्रदेशकै पहिलो पर्यटकीय क्षेत्र घोषणा गरेको आज एक वर्ष पूरा भएको छ।



ठोरीलाई पर्यटकीय क्षेत्र घोषणा कार्यक्रममा बोल्दै तत्कालीन मधेस प्रदेशका मुख्यमन्त्री लालबाबू राउत गद्दी। तस्वीरः फाइल

गत वर्ष चैत ११ गते मधेस सरकारले निकै तामझामका साथ ठोरीलाई पर्यटकीय क्षेत्र घोषणा गर्दा ठोरीवासीलाई खुशी लागेको थियो तर आज एक वर्ष पूरा हुँदा पनि प्रदेश सरकारले पर्यटकको नाममा कुनै माखो नमार्दा ठोरीवासीलाई 'हात्ती आयो हात्ती आयो फुस्सा'झैं भएको छ।

ठोरीमा मन्त्रिपरिषद्को बैठक बस्दा अब पक्कै केही हुन्छ कि भन्ने लागेको थियो तर मधेस सरकारले ठोरीको पर्यटकीय अस्मितामाथि खेलबाड गर्न खोजेको रहेछ भन्ने बुझाइ स्थानीयको छ।

ठोरीमैं मन्त्रिपरिषद्को बैठक बसी रु १० करोड विनियोजन गरिएको थियो। तत्कालीन मधेस प्रदेशका मुख्यमन्त्री लालबाबू राउत गद्दीले सो घोषणा गरेको तर पूरा नभएकोमा ठोरीका वडाध्यक्ष अमृतकृष्ण सापकोटाले गुनासो गरे।

ठोरीमा पर्यटनको प्रचुर मात्रामा सम्भाव्यता भएको बुझ्दाबुझ्दै पनि पर्यटकीय क्षेत्र घोषणा गरेर प्रदेश सरकार आफैं निकम्मा बनेको उनले आरोप लगाए।

ठोरीमा सीतागुफा, रानीवन, गणेशमान पार्क राईधारा, सेतो पहाड, रेडहिल, मनमोहन पार्क, झुलुङ्गे पुल, सिनेपर्वत, चीसापानीलगायतका दर्जनौं पर्यटकीय क्षेत्र रहेका छन्। ठोरीमा आन्तरिक तथा बाह्य पर्यटकहरू दैनिकरूपमा सयौंका सङ्ख्यामा आउने गर्छन्।

## परवानीपुरमा चैते दशैं ....

आएको उनले बताए। उनका अनुसार पीपलको रूखको जरामा संसारीमाईको उत्पत्ति भएपछि सो ठाउँमाई संसारीमाईको मन्दिर बनाइएको हो।

संसारीमाईको मन्दिरमा दर्शन गर्ने श्रद्धालु भक्तजनहरूको मनोकाङ्क्षा पूरा हुने भएकाले हरेक वर्ष चैते दशैंमा श्रद्धालु भक्तजनहरूको सङ्ख्यामा वृद्धि हुँदै गएको उनले बताए।

चैते दशैंमा नवरात्रि गर्ने मात्रै ५० जनाभन्दा बढी रहेको र उक्त मन्दिरमा कहिलेकाहीं नागको दर्शन हुने गरेकोले उक्त मन्दिरको महिमा अपरम्पार रहेको श्रद्धालुहरूले बताएका छन्।

सो मन्दिरमा चैते दशैंको सप्तमी र नवमीको दिन अत्यधिक भीड लाग्ने गरेको छ।


## सार्वजनिक सेवालाई पारदर्शी बनाऔं।

- सार्वजनिक निकायका कामकारबाईलाई पारदर्शी बनाऔं।
- सेवाग्राहीले सहज र सरलरूपमा सेवा लिनसक्ने व्यवस्था मिलाऔं।
- आधिकारिक सेवा प्रदायकबाट सेवा लिऔं, बिचौलियामार्फत काम नगरौं।
- सकेसम्म सेवाग्राही आफैले सेवा प्राप्त गर्ने गरौं।
- सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


## माउन्ट एडमन्डका संस्थापक राणाको निधन

प्रस, वीरगंज, ११ चैत/

माउन्ट एडमन्ड माध्यमिक विद्यालयका संस्थापक अर्जुन शम्शेर



जबराको ६३ वर्षको उमेरमा हिजो राति निधन भएको छ।

उनले नेपाली संस्कृति र संस्कार जगेर्ना गर्न अङ्ग्रेजी माध्यमबाट शिक्षा प्रदान गर्न विसं २०४१ पुस २० गते माउन्ट एडमन्ड माध्यमिक विद्यालयको स्थापना गरेका थिए।

समाजसेवी राणाको जन्म विसं २०१६ मा भएको थियो। स्व राणा वीरगंज जेसीज र प्याब्सन, पर्साका पूर्वअध्यक्ष, लायन्स क्लब अफ आदर्शनगरका सदस्य, नेपाल स्काउट पर्सा जिल्ला परिषद्का सल्लाहकार र बिपी चिन्तन प्रतिष्ठान, पर्साका उपाध्यक्ष थिए। उनको पार्थिव शरीरमा जेसिआईको झन्डा ओढाएर श्रद्धाञ्जलि व्यक्त गरिएको थियो। उनको आज बिहान अशोकवाटिकामा अन्तिम संस्कार गरिएको थियो।

# खेलकूदको संसार

## जिपी कोइराला प्रदेशस्तरीय फूटबल प्रतियोगिताको उद्‍घाटनमा सिराहा विजयी

प्रस, वीरगंज, ११ चैत/

गिरिजाप्रसाद कोइरालाको १३औं स्मृति दिवसको अवसरमा जिपी कोइराला फाउन्डेशन मधेस प्रदेशले वीरगंजमा शनिवारदेखि प्रदेशस्तरीय फूटबल प्रतियोगिता शेरू गरेको छ।



तस्वीरः प्रतीक

आदर्शनगर रङ्गशालामा प्रतियोगिताको उद्‍घाटन नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य सांसद अजय चौरसियाले गरेका थिए।

उनले पर्सा जिल्लामा खेलकूदको आकर्षण बढ्न नसकेको भन्दै चिन्ता व्यक्त गरे। उनले खेलाडीहरूलाई प्रोत्साहित गर्नुपर्ने र यस कुरामा आफूले पहल गर्ने बताए। प्रदेशसभा सदस्य एवं नेका, पर्साका सभापति जनार्दनसिंह क्षत्रीले खेलकूदको माध्यमबाट देशको पहिचान बन्ने हुनाले खेलप्रति रुचि देखाउन आग्रह गरे। उनले जिल्लामा हुने खेल प्रतियोगितामा आफ्नो सहयोग सदैव रहने बताए।

फाउन्डेशनका मधेस प्रदेश अध्यक्ष महम्मद सहाबुद्दीनको अध्यक्षतामा भएको उद्‍घाटन समारोहमा संविधानसभा सदस्य डा शोभाकर पराजुली, नेका, पर्साका उपसभापतिद्वय रामनारायण कुर्मी, अशोक गुप्ता, जनमत पार्टीका मुकेश द्विवेदीलगायतले मन्तव्य व्यक्त गरेका थिए।

कार्यक्रममा स्वागत पर्सा अध्यक्ष धीरज गुप्ता र सहजीकरण उज्ज्वल गिरीले गरेका थिए।

उद्‍घाटन खेलमा गोलबजार स्पोर्ट्स क्लब सिराहाले एकका विरूद्ध चार गोल गरी बिवाइसी, महोत्तरीलाई पराजित गरेको थियो। आइतवार वीरगंज युथ एकेडेमी र गोर्खाली फूटबल एकेडेमी, सर्लाहीबीच खेल हुने फाउन्डेशनका पर्सा अध्यक्ष धीरज गुप्ताले बताए। प्रतियोगितामा विजयी हुने टीमलाई एक लाख ५१ हजार नगद र दोस्रो हुनेलाई ७५ हजार नगदसहित शिल्ड, मेडल, प्रमाणपत्र प्रदान गरिने अध्यक्ष गुप्ताले बताए।

## जगदम्बा सिमरा गोल्डकप : मकवानपुर विजयी

प्रस, वीरगंज, ११ चैत/

बाराको सिमरा रङ्गशालामा जारी १३औं जगदम्बा सिमरा गोल्डकप फूटबल प्रतियोगिता अन्तर्गत शनिवारदेखि क्वार्टरफाइनल खेल शुरू भएको छ।

आज पहिलो क्वार्टरफाइनल खेलमा केबिए ग्लोबल भरतपुर फूटबल क्लब र मकवानपुर-११ भिडेका थिए। टाइब्रेकरबाट निर्णय भएको सो खेलमा मकवानपुलेर ५-४ गोलअन्तरले भरतपुरलाई पराजित गरेको थियो। निर्धारित समयमा मकवानपुर-११ का सुजन गुरुङ र मनीष पौडेलले एक/एक गोल र चितवनका भीष्म क्षत्री र सबिन थापाले एक/एक गरेर खेल बराबरी भएको थियो। ३० मिनेटको अतिरिक्त समयमा पनि गोल हुन नसकेपछि खेलको निर्णय टाइब्रेकरबाट गर्नुपरेको हो।

उद्‍घाटन खेलमा आयोजक नव जनजागृति युवा क्लब, सिमरालाई पराजित गरी केबिए ग्लोबल भरतपुर फूटबल क्लब क्वार्टरफाइनलमा प्रवेश गरेको थियो।

## प्रधानमन्त्री थ्री नेशन्स कप : लाओस विजयी

काठमाडौं, ११ चैत/रासस

दशरथ रङ्गशालामा जारी प्रधानमन्त्री थ्री नेशन्स कप अन्तर्गत शनिवार भएको खेलमा लाओस विजयी भएको छ। लाओसले भुटानलाई २-१ गोलअन्तरले पराजित गरेको हो।

खेलको तेस्रो मिनेटमैं लाओसका लागि बोन्पाचान बोन्कोङ्गले गोल गर्दै अग्रता दिलाएका थिए। साथै भुटानका चेन्चो ग्यालेसनले ३४औं मिनेटमा गोल गर्दै खेल बराबरीमा ल्याएका थिए। तर खेलको ७१औं मिनेटमा लाओसका लागि बोन्पाचान बोन्कोङ्गले दोस्रो गोल गर्दै फेरि अग्रता दिलाएका थिए।

त्यसपछि खेलमा कुनै गोल हुन सकेन र लाओस विजयी भयो। समूह चरणको अन्तिम खेलमा मङ्गलवार नेपाल र भुटान भिड्नेछन्। पहिलो खेलमा नेपालले लाओसलाई २-० गोलअन्तरले पराजित गरेको थियो।

## दुईवटा ट्रक एकापसमा ठोक्किंदा तीनजनाको मृत्यु

धनुषा, ११ चैत/रासस

धनुषाको मिथिला नगरपालिका-३ हरिहरपुरमा आज बिहान दुईवटा ट्रक एकापसमा ठोक्किएर दुर्घटना हुँदा तीनजनाको घटनास्थलमैं मृत्यु भएको छ।

पूर्वबाट पश्चिमतर्फ आउँदै गरेको ना.६ख ६५७८ नम्बरको ट्रक र विपरीत दिशातर्फ जाँदै गरेको प्रदेश १-०१-००१ख ९२९२ नम्बरको ट्रक एकापसमा ठोक्किएर दुर्घटना हुँदा सुनसरीका २८ वर्षीय चालक सागर चौधरी, सहचालक अर्जुन चौधरी र मोरङका ४४ वर्षीय लोकमान श्रेष्ठको मृत्यु भएको धनुषाका प्रहरी नायब उपरीक्षक वेदप्रसाद गौतमले जानकारी दिए।

सो दुर्घटनामा सर्लाहीका २० वर्षीय नारायण श्रेष्ठ घाइते भएका छन्। घाइतेको ढल्केबर अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ।




## भोजपुरी कला संस्कृतिबारे प्रशिक्षण

प्रस, वीरगंज, ११ चैत/

नेपाल भोजपुरी समाज वीरगंजले




तस्वीरः प्रतीक

शनिवार सङ्कल्प लोक सेवा इन्स्टिच्युटमा प्रशिक्षण कार्यक्रम गरेको छ।

समाजका सल्लाहाकार प्रकाश थारूको अध्यक्षतामा भएको कार्यक्रममा सचिव राजेन्द्रसिंह राजपूत तथा सहसचिव अजमत अलि अन्सारीले संयुक्तरूपमा प्रशिक्षण दिएका थिए।

कार्यक्रममा समाजका सल्लाहाकार मनोजकुमार मिश्र, उपाध्यक्ष रितुराज पटेल, कोषाध्यक्ष अशोक कुशवाहा, कवि विक्रम साहलगायतको सहभागिता थियो।

## एमालेको राजनीतिक प्रशिक्षण

प्रस, वीरगंज, ११ चैत/

नेकपा एमालेका पोलिटब्युरो सदस्य




तस्वीरः सौजन्य

पुरुषोत्तम पौडेलले एमाले अझै बलियो बन्दै जाने बताएका छन्। जीतपुरसिमरा उपमहानगरपालिका कमिटीले सिमरामा आयोजना गरेको वैचारिक, राजनीतिक प्रशिक्षण कार्यक्रमका प्रमुख अतिथि पोलिटब्युरो सदस्य पौडेलले जनताको समर्थन एमालेप्रति बढ्दै गएको दाबी गरे। उनले मिसन ग्रासरुट अभियानले जनताको भावनालाई जोडेको हुनाले एमालेविरुद्धमा जस्तोसुकै मोर्चा बने पनि परास्त हुने बताए। अर्का पोलिटब्युरो सदस्य ज्वालाकुमारी साहले एमालेलाई बलियो बनाउन सबै लाग्नुपर्ने बताइन्।

उपमहानगर कमिटीका अध्यक्ष भोला अधिकारीको सभापतित्वमा सम्पन्न कार्यक्रममा केन्द्रीय सदस्य अरविन्द सिंह, प्रदेश कमिटी सदस्यहरू मनोज पौडेल, राधेश्याम सिवाकोटी, किशोर शर्माले सहभागीहरूलाई मिसन ग्रासरूटबारेमा प्रशिक्षण दिएका थिए। कार्यक्रमको सहजीकरण रत्न उप्रेती र स्वागत त्रिलोक विक्रम ठकुरीले गरेका थिए।


Make your stay with us is a memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,